मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

**आफ्नै सूचना**

नव बर्ष २०८३को सुखद् उपलक्ष्यमा हाम्रा समस्त पाठक, विज्ञापनदाता, समाचारदाता, लेखक लगायत देश विदेशमा रहनु भएका शुभचिन्तकहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

नवबर्ष प्रवेशको अवसरमा आज बैशाख १ गते मंगलवार कार्यालय विदा हुने भएकोले २ गते बुधवारको अंक प्रकाशित नहुने जानकारी गराउँदछौं ।

– व्यवस्थापक

◆ वर्ष : ३१ ◆ अङ्क : १४६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८३ बैशाख १ गते मंगलबार (Tuesday, 14 April. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

## २०८२: राजनीतिक ‘सुनामी’को वर्ष

**काठमाडौँ, चैत ३०।** राजनीतिक दृष्टिले वर्ष, २०८२ निकै उथलपुथलपूर्ण रह्यो । तर वर्षको अन्त्यतिर मुलुकको शान्ति, स्थायित्व र समृद्धिका लागि नयाँ जनादेशसहित स्पष्ट मार्गनिर्देश प्राप्त भयो । वर्ष २०८२को मध्यतिर ‘जेन-जी’ को विद्रोहपूर्ण आन्दोलनले एउटा मार्गबाट हिँडिरहेको राजनीतिलाई नयाँ शिराबाट अघि बढाउन हस्तक्षेपकारी भूमिका निर्वाह गरेको छ ।

जेनजी आन्दोलनकै बलमा तत्कालीन सरकार विस्थापन र प्रतिनिधिसभा विघटन भई पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गठित नागरिक सरकारले फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गराएपछि मुलुकले नयाँ सरकार प्राप्त गर्‍यो । निर्वाचनमा विगतमा सत्तासिन तथा पुराना राजनीतिक दलहरू पराजित भई राष्ट्रिय स्वतन्त्र पार्टीले झन्डै दुईतिहाइको जनादेश प्राप्त गर्न सफल भयो ।

नेपालको लोकतान्त्रिक आन्दोलनको अगुवाइ गरिरहेका ती दलहरू वर्ष २०८२को अन्त्यतिर राजनीतिक रूपमा खुम्चिन पुगेका छन् । नेपाली कांग्रेसमा विशेष महाधिवेशनबाट गगनकुमार थापाको नेतृत्वमा पार्टीभित्र बदलाव आएको छ भने यसअघि संस्थापनमा रहेको शेरबहादुर देउवा पक्ष असन्तुष्ट छ । कांग्रेसभित्रको आधिकारिताका मुद्दा अहिले पनि



न्यायालयमा विचाराधीन छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले दोस्रो विधान महाधिवेशन र एघारौँ राष्ट्रिय महाधिवेशन यसै वर्ष सम्पन्न गरेको छ। पार्टीको नेतृत्वमा केपी शर्मा ओली पुनःनिर्वाचित भएको सन्दर्भ राजनीतिक पुस्तान्तरणको सवाल भने आलोचनाको घेराबाट मुक्त हुन सकेको छैन । प्रतिनिधिसभा निर्वाचनमा पराजयपश्चात एमालेभित्र विशेष महाविधेशन वा पुस्तान्तरणको बहस चर्किएको छ ।

दुई दर्जन बढी वाम घटक तथा राजनीतिक समूहलाई समाहित गरी निर्वाचनमा होमिएको नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले पनि निर्वाचनमा अपेक्षाकृत परिणाम ल्याउन सकेन । ‘जनयुद्ध’ बाट उदाएको तत्कालीन नेकपा (माओवादी) मूलधार रहेको पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको सो पार्टी अहिले विशेष महाधिवशेनको तयारीमा जुटेको छ। सो पार्टीका प्रभावशाली मानिएका नेता जनार्नदन शर्मा, सुदन किरातीलगायतले नीति र नेतृत्वमाथि प्रश्न उठाउँदै दल परित्याग गरे ।

पुराना दलहरू आलोचित भएर नयाँ राजनीतिक दल ठूलो दलका रूपमा उदाउने वर्षका रूपमा २०८२ चित्रित भयो। विद्यमान निर्वाचन प्रणालीबाट कुनै एक दलको बहुमत नआइरहेको अवस्थालाई चिर्दै

*(बाँकी अन्तिम पृष्ठमा)*

## रुसमा नेपाली युवाको तस्करी

**झापा, चैत ३०।** रुसमा नेपाली युवाको तस्करी हुने गरेको तथ्य बाहिर आएको छ।

राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन अनुसार रुस नेपाली नागरिकको तस्करीका लागि एउटा गन्तव्य मुलुकका रूपमा देखापरेको हो । आयोगले सार्वजनिक गरेको ‘मानव बेचबिखनविरुद्धको अधिकार सम्बन्धी राष्ट्रिय प्रतिवेदन २०८२’ अनुसार रुस नेपाली नागरिक तस्करीका लागि एउटा गन्तव्य मुलुकका रूपमा रहेको पाइएको हो ।

प्रतिवेदन अनुसार, भर्ती हुने व्यक्तिलाई विभिन्न प्रलोभन दिने वाचा गरिएको पाइएको छ। रूसी सेनामा भर्ती हुने नेपालीलाई मासिक ३ लाख रुबल तलब, रुसी सेनामा एक वर्ष सेवा गरेपछि रुसी नागरिकता तथा राहदानी, एक वर्षको सेवा पूरा भएपछि युद्धमा थप खटाइबाट छुट र एक वर्षको सम्झौता अवधि पूरा गरेपछि तीस लाख रुबल अनुदान दिने प्रलोभन देखाएको पाइएको छ । यी प्रलोभनले नेपालभित्र वा विदेशमा बेरोजगार रहेका वा न्यून पारिश्रमिकमा कार्यरत नेपालीलाई विशेष रूपमा आकर्षित गरेको प्रतिवेदनले औंल्याएको छ ।



माग र आपूर्तिको यस गतिशीलतालाई दुरुपयोग गर्दै बिचौलियाले रुसी सेनामा सैन्य भर्तीका लागि नेपाली युवालाई रुसतर्फ तस्करी गर्ने गतिविधि तीव्र छन् । यस क्रममा प्रतिव्यक्ति नेपाली ७ लाख रूपैयाँसम्म रकम बिचौलियाले शुल्कका रूपमा लिएको पाइएको छ। स्रोतका अनुसार अधिकांश भर्ती सन् २०२३को अगस्ट र सेप्टेम्बर महिनाबीचमा भएको थियो । उपलब्ध तथ्यांकले नेपाली नागरिक नेपालबाट प्रत्यक्ष रूपमा मात्र नभई मलेसिया, दुबई र कतारजस्ता विदेशी मुलुकबाट पनि तस्करी गरिएको देखिएको छ, जसले अन्तर्राष्ट्रिय संगठित तस्करी सञ्जालको संलग्नता रहेको प्रतिवेदनले औंल्याएको छ ।

तस्करी गरिएका आप्रवासीमा पूर्वनेपाली सेना, पूर्वप्रहरीका कर्मचारी तथा सर्वसाधारण नागरिकसमेत रहेका थिए । नेपाली नागरिकलाई रुसी सेनामा भर्ती गर्ने प्रक्रिया हेर्दा यसमा मानव तस्करीका तत्व मात्र नभई कार्यको प्रकृति र कार्यावस्थाको समीक्षा गर्दा मानव बेचबिखनका तत्व समेत समावेश भएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

धेरै व्यक्तिलाई सेनाका ब्यारेकमा सरसफाईकर्मीको रूपमा रोजगारी दिने वाचा गरिए पनि वास्तविकतामा उनीहरूलाई पर्याप्त शैन्य तालिम नदिई अग्रपंक्तिको युद्ध क्षेत्रमा खटाइएको पाइएको छ। उनीहरूलाई भूगोल सम्बन्धी कुनै जानकारी नदिई अपरिचित भूभागमा पठाइएको र लामो समयसम्म बंकर खनेर त्यसमै लुकी बस्न बाध्य पारिएको प्रतिवेदनमा उल्लेख गरिएको छ। यस क्रममा धेरैजना मारिएका, घाइते भएका वा युक्रेनी सुरक्षा निकायद्वारा बन्धक बनाइएका घटना पनि आएका छन् ।

रुसी सेनामा भर्तीका लागि कति नेपाली नागरिक रुसतर्फ तस्करी गरिएका थिए भन्ने सम्बन्धमा आधिकारिक तथ्यांक

*(बाँकी अन्तिम पृष्ठमा)*

## असल अभ्यासमा कन्काई र हल्दिवारी उत्कृष्ट

**झापा, चैत ३०।** असल अभ्याससम्बन्धी कार्यक्रममा हल्दिबारी गाउँपालिका र कन्काई नगरपालिका सर्वोत्कृष्ट घोषित भएका छन् ।

जिल्ला समन्वय समिति (जिसस) झापाले आयोजना गरेको कार्यक्रममा गाउँपालिकातर्फ हल्दिबारी र नगरपालिकातर्फ कन्काईलाई सम्मान-पत्रसहित पुरस्कृत गरिएको हो ।

जिससको कार्यालयमा आयोजित कार्यक्रममा जिसस प्रमुख विश्व बराल, प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल र उपप्रमुख शान्ता रोक्काले संयुक्त रूपमा दुवै स्थानीय तहलाई सम्मानपत्र प्रदान गरे । कार्यक्रममा जिल्लाभरका स्थानीय तहका प्रतिनिधिको उपस्थिति थियो ।

स्थानीय तहले सञ्चालन गरेका प्रभावकारी, नवीन र सेवामुखी कामको समग्र मूल्याङ्कनका आधारमा हल्दिबारी उत्कृष्ट ठहरिएको हो । गाउँपालिकाले सामुदायिक विद्यालयको अनुगमनलाई प्रविधिसँग जोड्दै डिजिटल एप्समार्फत घरमै बसेर बिद्यालयको अवस्था, बिद्यार्थी उपस्थिति र शैक्षिक गतिविधि हेर्न सकिने व्यवस्था गरेको छ। यसले शिक्षाको गुणस्तर, पारदर्शिता र निगरानी प्रणाली सुदृढ बनाउन सहयोग पुगेको मूल्याङ्कन गरिएको छ ।

नगरपालिकातर्फ कन्काईलाई बालमैत्री नगरपालिका अवधारणाको प्रभावकारी कार्यान्वयनका आधारमा उत्कृष्ट घोषणा गरिएको हो ।

हल्दिबारी गाउँपालिका अध्यक्ष रवीन्द्रप्रसाद लिङ्देनले उपलब्धि सामूहिक प्रयासको परिणाम भएको बताए। जनप्रतिनिधि, कर्मचारी र स्थानीयको सहकार्यले सम्भव भएको हो- उनले भने ।

कन्काईका नगर प्रमुख राजेन्द्र पोखरेलले सम्मानले थप जिम्मेवारीबोध गराएको बताए। यसले सेवा प्रवाहलाई अझ प्रभावकारी र गुणस्तरीय बनाउन प्रेरित गर्छ- उनले भने ।

प्रमुख जिल्ला अधिकारी गेलालले स्थानीय तहका यस्ता अभ्यासले सेवा प्रवाहलाई छरितो र परिणाममुखी बनाउन योगदान पुर्‍याउने बताए। उनले अन्य स्थानीय तहलाई पनि यस्ता अभ्यास अनुकरण गर्न आग्रह गरे ।

कार्यक्रममा हल्दिबारीकी उपाध्यक्ष लक्ष्मीदेवी मैनाली, प्रमुख प्रशासकीय अधिकृत मानबहादुर वन महेन्द्र, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरूको उपस्थिति थियो ।

हल्दिबारी गाउँपालिकाले पछिल्लो समय शिक्षा, सुशासन र सेवा प्रवाह सुधारका क्षेत्रमा गरेका पहलका कारण जिल्लामै उदाहरणीय स्थानीय तहका रूपमा पहिचान बनाउँदै आएको छ ।

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नोटः समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान**

**एलपी उप्रेतीः** प्रिन्सिपल **पुण्यप्रसाद उप्रेतीः** अध्यक्ष

एवम् **पशुपति इङ्लिस बोर्डिङ्ग स्कूल परिवार**
कनकाई नगरपालिका–३, झापा

नव बर्ष २०८३ को शुभकामना

**नव वर्ष २०८३** शुभ अवसरमा सम्पूर्ण कर्मचारी, शेयरधनी, सरकारी तथा गैह्रसकारी संस्थाका पदाधिकारी शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु–स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

BiPL CONCRETE Build Green

एवम् **विल्डकन इण्डस्ट्रिज प्रा.लि. परिवार**
अर्जुनधारा–७, भाङ्गबारी, झापा

नयाँ बर्ष २०८३को शुभकामना

**नव वर्ष २०८३को शुभ अवसरमा** हाम्रा समस्त कर्मचारी, वडावासी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

१) सार्वजनिक सम्पत्तिको संरक्षण गरौं, वडा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण गर्न सहयोग पुर्‍याऔं ।
२) आपराधिक मनोवृत्तिका अपरिचित एवम् शंकास्पद मानिस देखिएमा प्रहरीलाई खबर गरौं ।
३) मुलुक अहिले विषम परिस्थितिमा रहेको छ, यस्तो अवस्थामा चाडबाड मनाउँदा सभ्य र मितव्ययी बनौं । सबैले मर्यादाको ख्याल गरौं ।
४) जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रमा अनिवार्य निःशुल्क दर्ता गरौं । दर्ता प्रमाण–पत्र सुरक्षित राखौं । यो प्रमाण–पत्र तपाईले भविष्यमा सरकारी सेवामा प्रमाणको रुपमा पेश गर्न सक्नुहुनेछ ।
५) कर समयमै तिरी जरिवानाबाट बचौं ।
६) वडा क्षेत्रमा जथाभावी फोहोरमैला नफालौं । वडा क्षेत्रको सार्वजनिक शौचालय प्रयोग गर्दा सरसफाईमा ध्यान दिऔं ।
७) यस वडा क्षेत्रभित्र रहेको एतिहासिक मठमन्दिर,गुम्बा, विद्यालय जस्ता सार्वजनिक स्थलहरुको संरक्षण र सरसफाई गरौं ।
८) चाडबाडको मुखमा चोरी डकैती, लुटपाटको जोखिमबाट सचेत रहौं ।
९) आइपर्ने विपतलाई ध्यानमा राखी आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**भीष्म मिश्र** वडा अध्यक्ष
वडा सदस्यहरु : **गौरीमाया चिमरिया/खड्गमाया पौडेली बुद्धिमान लिम्बू/केशव थापा**
**सुरज राजवंशी** वडा सचिव

एवम् **अर्जुनधारा नगरपालिका वडा नं. ९ को कार्यालय परिवार,** प्रणामी टोल, अर्जुनधारा, झापा

## २०८२ ...

यसपटक रास्वपाले एक्लै १८२ स्थानमा विजयी हासिल गरेसँगै गठबन्धन गरी सरकार बनाउनुपर्छ भन्ने भाष्यलाई अन्त्य गरिदिएको छ । नेपालको संविधान, २०७२ जारी भएपश्चातका निर्वाचनमा कुनै एक दलले स्पष्ट बहुमत ल्याएको यो नै पहिलोपटक हो ।

निर्वाचनपूर्वको सङ्कल्प बमोजिम सो पार्टीले वरिष्ठ नेता वालेन्द्र शाहलाई प्रधानमन्त्रीको जिम्मेवारीमा पदासिन गरायो । संसद् विघटन, निर्वाचन र नयाँ सरकार गठन यो वर्षको महत्त्वपूर्ण राजनीतिक घटनाका रूपमा स्थापित भयो । यही चैत १३ गते नेपालको संविधानको धारा ७६ (१) बमोजिम बहुमत प्राप्त दल रास्वपाका संसदीय दलका नेता शाह प्रधानमन्त्रीमा नियुक्त भए ।

शाह नेतृत्वको वर्तमान सरकार तुलनात्मक रूपमा समावेशीयुक्त, उल्लेख्य युवा प्रतिनिधिमूलक र सानो आकारको रहेको छ भने सरकारले शुरुवाती दिनदेखि नै निर्वाचनमा गरिएका वाचापत्रबमोजिम शासकीय सुधारसम्बन्धी १०० कार्यसूची कार्यान्वयनमा ल्याएको छ ।

प्रधानमन्त्री शाहले सत्ताको बागडोर सम्हालेसँगै विगतमा देखिएजस्ता कमीकमजोरी नदोहोरिने स्पष्ट सङ्केत देखिएको छ । यहाँस्थित कूटनीतिक नियोगको प्रमुख तथा राजदूत एक्लाएक्लै भेट नदिई सामूहिक भेटबाट नयाँ सरकारको प्राथमिकता र सन्देश प्रवाह गर्नुभएका प्रधानमन्त्री शाहले राज्य संयन्त्रको प्रणालीगत सुधारमा विशेष ध्यान केन्द्रित गरेको देखिएको छ ।

सरकारका यी सकारात्मक प्रयासहरूले वर्ष २०८२को सुधारिएको राजनीति आगामी वर्षका लागि प्रेरणाको स्रोतका रूपमा रहने ठानिएको छ । शताब्दी पुरुष एवं राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य गौरीशङ्करलाल दास वर्ष २०८२ राजनीतिक 'सुनामी'का रूपमा देखिएको बताउँछन् । जनताको भावनाअनुसार सरकार अघि बढ्न सक्नुपर्छ भन्दै उनले वर्तमान सरकारले थालेका सुरुआती कदम अत्यन्त सकारात्मक रहेको बताए ।

निर्वाचनबाट गठित प्रतिनिधिसभाले यसबीचमा आफ्नो नेतृत्व पनि चयन गरेको छ । सभामुखमा डोलप्रसाद अर्याल र उपसभामुखमा रुबीकुमारी ठाकुर निर्वाचित भई संसदीय गतिविधिलाई रफ्तारमा अघि बढाउने क्रम शुरु भइसकेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक व्यवस्था अनुरुप प्रतिनिधिसभाको निर्वाचनपछि संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गरे ।

यसै वर्षको भदौ २३ र २४ गते भएको युवापुस्ताको बिद्रोहका क्रममा ७६ जनाको निधन भयो । ४५ जनालाई 'जेनजी सुशासन योद्धा' घोषित गरी राज्यका तर्फबाट राहत तथा क्षतिपूर्ति प्रदान गरियो । आन्दोलनकै क्रममा भदौ २४ गते नेपालको प्रमुख प्रशासकीय केन्द्र सिंहदरबारसहित संघीय संसद् भवन, सर्वोच्च अदालत, शितल निवाससहितका महत्वपूर्ण सम्पदा र संरचना जलेर क्षतिग्रस्त भए । सरकारी र निजी क्षेत्रका गरी करिब ७६ अर्ब रुपैयाँ बराबरको क्षति भएको सरकारी आँकडाले देखाएको छ ।

वर्ष २०८२ मै चर्चित घटनाका रूपमा संघीय निजामती सेवा विधेयक रहन पुग्यो । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट पारितका क्रममा विधेयकमा 'कुलिङ पिरियड'का सवालमा निजामती प्रशासनका मुख्यसचिव लगायत उच्च तहका कर्मचारीको राजनीतिक 'लबिङ' र समिति सभापतिको लापरवाही संसदीय इतिहासमा लज्जास्पद घटनाका रूपमा दर्ज भएको छ ।

यसै वर्षको प्रतिनिधिसभाको बैठकमा 'भिजिट भिसा'मा अनियमिततासम्बन्धी विषय ज्वलन्त रूपमा मात्रै उठेन, तत्कालीन गृहमन्त्री रमेश लेखकको राजीनामाको माग गरेर तत्कालीन प्रतिपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टीले लामो समय सदनमा अवरोधदेखि बहिष्कारसम्म गर्न पुगेको थियो ।

नवगठित सरकारले जेनजी आन्दोलनका घटनाको छानबिन गर्न गठित उच्चस्तरीय आयोगको सिफारिसका आधारमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको सन्दर्भ पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चर्चाको विषयका रूपमा रह्यो । हाल उनीहरू अदालतको आदेश बमोजिम हाजिरी जमानीमा रिहा भएका छन् ।

जलवायु परिवर्तनका मुद्दामा विश्व समुदायलाई एकै मञ्चमा ल्याउन यसै वर्षको जेठको पहिलो साता काठमाडौंमा 'सगरमाथा संवाद' भव्य रूपमा सम्पन्न भयो ।

## रूसमा ...

उपलब्ध छैन । तथापि, विभिन्न कूटनीतिक विज्ञले सञ्चारमाध्यममार्फत व्यक्त गरेका मत अनुसार सन् २०२३ को अन्त्यसम्म रुसी सेनामा भर्तीका लागि १ हजार ५ सयभन्दा बढी नेपाली नागरिक तस्करी गरिएको प्रतिवेदनमा भनिएको छ ।

सन् २०२३ नोभेम्बर १८ मा नेपाल सरकारले कूटनीतिक नोटमार्फत रुसी सरकारलाई औपचारिक रूपमा नेपाली नागरिकलाई रुसी सेनामा भर्ती नगर्न तथा पहिल्यै भर्ती भइसकेका छन् भने उनीहरूलाई नेपाल फर्कन दिन अनुरोध गरेको थियो । उक्त अनुरोधलाई रुसी सरकारले स्वीकार गरेको देखिन्छ र त्यसपछि नेपाली नागरिकसँग गरिएको एक वर्षे करार नवीकरण गरिएको छैन । यस परिणामस्वरूप, ती व्यक्तिमा उनीहरूलाई वाचा गरिएको तीस लाख रुबल अनुदान वा वाचा गरिएको रुसी नागरिकता प्राप्त नगर्ने हो कि भन्ने चिन्ता उत्पन्न भएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।


भिटा विक्रीमा

बिर्तामोड नगरपालिका-१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर र ९.५ धुर भिटा अर्जेन्ट परेर तु-विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला ।

मो. ९८१७९९०२९९/ ९८२३७२६९७९

नयाँ बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को शुभ अवसरमा हाम्रा समस्त शुभेच्छुक लगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

निरा भेटवाल उप्रेती, कोषाध्यक्ष | खेमा पराजुली ओली, सचिव | तिलरुपा श्रेष्ठ, अध्यक्ष

एवम् नारी संकल्प संस्था

बिर्तामोड नगरपालिका-१ (अतिथि सदन), झापा

नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त सम्पूर्ण जेसीज मित्रहरु, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

JCI

सुवास त्रिखत्री, महासचिव | लोकचन्द्र श्रेष्ठ (एलसी), अध्यक्ष

एवम् वीरता जेसीज परिवार (सन् २०२६)

बिर्तामोड, झापा

नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

पुष्पलाल खरेल, प्रिन्सिपल | धनञ्जय सिटौला, संस्थापक

एवम् चिल्ड्रेन गार्डेन एकाडेमी परिवार

हल्दिवारी-१, झापा

नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

मातृका निरौला, प्रधानाध्यापक | चन्द्रकला राई, शि.अ.सं. अध्यक्ष | कमल गुरागाई, वि.व्य.स. अध्यक्ष

एवम् प्रगति अङ्ग्रेजी आवासिय विद्यालय परिवार

अर्जुनधारा नगरपालिका-९, झापा

नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

गोविन्द लम्सालः संस्थापक प्रिन्सिपल

एवम् विभूति विद्या मन्दिर परिवार

भद्रपुर-१०, झापा

नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

नरेश पराजुलीः प्रिन्सिपल

एवम् सिग्मा इङ्लिस स्कूल परिवार

हल्दिवारी-२, झापा

नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह्रसरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोटः वन जोगाऔं, जीवन बचाऔं हावाहुरीबाट सुरक्षित रहौं ।

मोहन चौलागाई, सचिव | जागिरमान राई, अध्यक्ष

एवम् नमूना सामुदायिक वन उपभोक्ता समूह परिवार

अर्जुनधारा नगरपालिका-९, झापा

राजीनामा सम्बन्धमा

श्री त्रिनेत्र बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमा कार्य समिति तथा ऋण उपसमिति सदस्यको जिम्मेवारीमा मिति २०७६ सालदेखि २०८२ सालसम्म कार्य गरिरहेकोमा प्रदेश रजिष्टारको कार्यालय इनरुवा सुनसरीबाट आ.व. ०८१/०८२को लेखा परीक्षण प्रतिवेदन अनुसार मेरो दायित्वमा आएको सम्पूर्ण जिम्मेवारी फरफारक गरी उक्त संस्थाको सञ्चालक समिति सदस्य तथा ऋण उपसमिति सदस्यको जिम्मेवारीबाट मिति २०८२।०३।०४ गते सञ्चालक समिति समक्ष राजीनामा पेश गरी सञ्चालक समितिका कार्यवाहक अध्यक्ष तथा वर्तमान व्यवस्थापकज्यूबाट सोही दिन राजीनामा स्वीकृत भई हाल उक्त संस्थासंग सम्बन्धित नरहेको सम्पूर्ण महानुभाव तथा सरोकारवालाहरु सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरेको छु ।

बिजय कुँवर

अर्जुनधारा-९, झापा

नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोटः 'एकताको बल समृद्धिको आधार, सहकारी हाम्रो साझा आधार'

सन्देश मल्ल, सचिव | भगिरथ पोद्दार, उपाध्यक्ष | लीलाबहादुर बस्नेत, अध्यक्ष

पुण्यप्रसाद अधिकारीः प्रबन्धक

एवम् लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि., बिर्तामोड-४, झापा

नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोटः 'एकताको बल समृद्धिको आधार, सहकारी हाम्रो साझा आधार'

रुद्र खतिवडा, सचिव | छविलाल पोखरेल, अध्यक्ष

एवम् जनजीविका सम्बृद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड परिवार

अर्जुनधारा नगरपालिका-९, झापा

रोजगारीको सुवर्ण अवसर

झापाको बिर्तामोडमा आकर्षक तलब, खाना/बस्न, सुविधासहित रोजगारीको सुवर्ण अवसर रहेकाले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८२४९७४६९४ (9824974694)

बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा


निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

■ प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म

■ पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्रसरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोटः समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान

मनबहादुर लिम्बू, प्रअ | इन्दिरा गिरी, शि.अ.सं. अध्यक्ष | नन्दलाल खतिवडा, वि.व्य.सं. अध्यक्ष

एवम् महारानीगञ्ज माध्यमिक विद्यालय परिवार

अर्जुनधारा नगरपालिका-११, झापा

नव बर्ष २०८३ को शुभकामना

नववर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोटः 'एकताको बल समृद्धिको आधार, सहकारी हाम्रो साझा आधार'

तुलसा प्रधान, व्यवस्थापक | कृष्णप्रसाद चापागाँई, सचिव | छविलाल शिवाकोटी, अध्यक्ष

एवम् श्रद्धा कृषि सहकारी संस्था लिमिटेड परिवार

अर्जुनधारा नगरपालिका-८, झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९७०८८२६९०५) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# नव वर्षको शुभकामना

आजदेखि हाम्रा घरका भित्ताहरुमा नयाँ क्यालेण्डर फेरिएका छन् । गएको वर्ष आजकै दिन भित्तामा राखेको क्यालेण्डरलाई नयाँ क्यालेण्डरले विस्थापन गरिदिएको छ । आजै हाम्रो पात्रो अनुसारको वर्ष २०८३ शुरु भयो । आजको दिनले प्रत्येक अनुहारमा आशा र अपेक्षाको सञ्चार गरेको छ । त्यहीकारण हरेक वर्ष नयाँ वर्षलाई उत्साह र उमँगले भरियोस् भन्ने कामनाका साथ स्वागत गर्छौं तर, ती आशा, अपेक्षा र सपनाले पूर्णता पाएनन् । अहिले समय, वर्ष र महिना मात्र होइन नेपालको राजनीतिक आकाशमा सर्वथा नयाँ सम्भावनाको दियो पूर्ण प्रकाश बनेर उदाएको छ । अर्थात् परिवर्तन चाहने नेपालीको भरोसा लिएर नयाँ सरकार आएको छ ।

त्यसो त परिवर्तन र नवीनताका लागि पुरानोलाई भङ्ग गर्नैपर्छ । नेपाली जनताले झण्डै चार दशकदेखि विश्वास गरेको दलहरुलाई उनीहरुको अक्षमताको हिसाब गरेर किनारा लगाएर नयाँ ऊर्जा र जोश बोकेका युवाहरुलाई राजनीतिको लगाम थमाएका छन् । यही समय विक्रम सम्वत २०८३ हाम्रो आँगन, संघार हुँदै घरभित्रै प्रवेश गरेको छ । विगतको अनुभव, भोगाइ र परिणामबाट सिक्दै नयाँ वर्षलाई उत्सवमय बनाउने अवसर सम्पूर्ण नेपालीलाई अर्थात् हामीलाई प्राप्त होस् ।

बसन्त ऋतुले ल्याएको प्रकृतिको शृंगारले ढपक्कै ढाकेको हाम्रो आकाशमा नयाँ वर्षको छुट्टै महत्त्व छ । बिरुवाहरुले पुष्पले पल्लवित छन्, पात झरेर नाङ्गा भएका वृक्षहरु पाउलिएर मनमोहक भएका छन् । त्यही प्राकृतिक सौन्दर्यका बीच चुपचाप प्रवेश गरेको नयाँ वर्ष २०८३ को स्वागत केवल शुभकामनाको औपचारिकताले मात्र हुँदैन । शुभकामनाको अन्तरभाव प्रत्येकको अनुहारमा देखिन पाउनुपर्छ । यसका लागि नयाँ सरकारले नेपाली जीवन र जीवन पद्धतिमा परिवर्तन ल्याउनुपर्छ । देशबाट गरिबी, भ्रष्टाचार, बेथिति, कुशासन र बेरोजगारी निर्मूल गरेर हाम्रो आयस्तरमा परिवर्तन ल्याउनुपर्छ ।

विगतमा हाम्रा नेतृत्वकर्ताले ठूला–ठूला सपना देखाए । हामी त्यही सपनाको पछि दौडियौं । घर–घरमा खाना पकाउने ग्यासको पाइप पुगेको राजधानीमा मेट्रो रेल गुडेको, समुद्रमा पानीजहाज चलेको देश सिंगापुर बनेको सपनाको आकाशमा पनि रमायौं । निद्रा भङ्ग हुँदा बल्ल थाह भयो– त्यो त केबल सपना रहेछ जो निद्रा भङ्ग हुँदा विस्मृति हुने रहेछ । अनि पनि आशा गर्नुको विकल्प छैन । तर नयाँ वर्ष विगतको जस्तो सपनामै नसकियोस् । विगतको सिकाइ र भोगाइले शासकहरुलाई पनि सुशासन, सामाजिक न्याय, भ्रष्टाचारमुक्त नेपाल बनाउन प्रेरणा प्राप्त होस् । पुर्खाले कायम गरेको स्वाभिमानी, स्वाधीन, स्वतन्त्र र स्वावलम्बी जातिको गौरवको रक्षा गर्न सकियोस्– नयाँ वर्षको शुभकामना ।

## सडकपेटीमा व्यापार नगर्न निर्देशन

**उदयपुर, चैत ३०।** सदरमुकाम गाईघाट बजारका मुख्य सडकपेटीहरुमा व्यापार-व्यवसाय नगर्न त्रियुगा नगरपालिकाले आग्रह गरेको छ ।

यसका लागि नगरपालिकाले २२५ फुटपाथ व्यापारी तथा व्यवसायीलाई सचेतना प्रशिक्षण समेत सञ्चालन गरेको प्रमुख बसन्त बस्नेतले जानकारी दिए ।

त्रियुगा नगरपालिका नगर प्रहरी प्रमुख सोबित बोटले गाईघाट बजारको मुख्य सडकमा व्यापार व्यवसाय सञ्चालन गर्दा आवागमनमा अवरोध भएको बताए ।


**आयुर्वेद उपचार**

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।

**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्कः ९८१८७९३९८६, ९८५२६८८९८६

**कलर दोकानको रंगिन बहार**

यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं । साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस् ।

**कलर दोकान**
बिर्तामोड नगरपालिका–४, भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. : ९८५२६७२२२०


## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

### सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

साविक शनिश्चरे गाविस वडा नं. ९ हाल अर्जुनधारा नगरपालिका वडा नं. ०६ बस्ने श्री दुर्गादेवी थापाको नाममा दर्ता कायम रहेको तपशिल बमोजिमको जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नुभएकोमा र स्थलगत सर्जमिन गर्न जाँदा संधियारहरुको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा क प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. पूर्व तर्फ :– उमेश योञ्जन
२. पश्चिम तर्फ :– श्री जीवन प्रसाई
३. उत्तर तर्फ :– श्री गोविन्द धिमाल
४. दक्षिण तर्फ :– श्री बाटो

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन मिति | प्रकाशित मिति |
|---|---|---|---|---|---|
| अर्जुनधारा–०९ | ९२१० | ०–०–११ | २०८२/१२/०६ | २०८२।१२।३० | २०८३।०१।०१ |

## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

### सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

साविक शनिश्चरे गाविस वडा नं. ८ हाल अर्जुनधारा नगरपालिका वडा नं. ०६ बस्ने श्री धनप्रसाद भण्डारीको नाममा दर्ता कायम रहेको तपशिल बमोजिमको जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नुभएकोमा र स्थलगत सर्जमिन गर्न जाँदा संधियारहरुको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा क प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. पूर्व तर्फ :– बाटो
२. पश्चिम तर्फ :– श्री भिम अधिकारी
३. उत्तर तर्फ :– श्री बुद्धिमान चौहान
४. दक्षिण तर्फ :– श्री महेन्द्र भण्डारी

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन मिति | प्रकाशित मिति |
|---|---|---|---|---|---|
| अर्जुनधारा–०६ | ६८१५<br>९८१०<br>९८१३ | ०–०–१५ | २०८२/१२/०५ | २०८२।१२।३० | २०८३।०१।०१ |


**नव बर्ष २०८३ को शुभकामना**

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त् उपभोक्ता महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश-विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नोट : 'सुरक्षित खानेपानी, स्वस्थ जीवनको आधार'**

**राकेश ढकाल** सचिव | **किरण शिवाकोटी** अध्यक्ष

एवम्

**शनिश्चरे-अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समिति परिवार**
अर्जुनधारा नगरपालिका–८, झापा

**नव बर्ष २०८३ को शुभकामना**

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त् उपभोक्ता महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश-विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नोट : 'सुरक्षित खानेपानी, स्वस्थ जीवनको आधार'**

**भरतबहादुर सुब्बा** सचिव | **केदारनाथ पराजुली** अध्यक्ष

एवम्

**खुदुनाबारी-अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समिति परिवार**
अर्जुनधारा नगरपालिका–१, झापा









**नव बर्ष २०८३ को शुभकामना**

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त् अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'**

**ईश्वरा श्रेष्ठ** : संस्थापक

एवम्

**स्वस्तिका शिशु सदन अंग्रेजी माध्यमिक विद्यालय परिवार**
अर्जुनधारा नगरपालिका–८, झापा

**नव बर्ष २०८३ को शुभकामना**

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त् आजीवन सदस्य, भक्तजन, दाता महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शिवलाल खतिवडा** महासचिव | **नविन गट्टानी** अध्यक्ष

एवम्

**अर्जुनधारा जलेश्वर धाम व्यवस्थापन समिति परिवार**
अर्जुनधारा नगरपालिका–७, झापा

**नव बर्ष २०८३ को शुभकामना**

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नोटः 'एकताको बल समृद्धिको आधार, सहकारी हाम्रो साझा आधार'**

**भूमिनाथ बराल** प्रबन्धक | **पुष्पकुमार प्रसाई** अध्यक्ष

एवम् **शनिश्चरे साना किसान कृषि सहकारी संस्था लिमिटेड परिवार**
अर्जुनधारा नगरपालिका–८, झापा

**विद्युत सामग्री मर्मत**

यहाँ मोटर, पंखा, जग, मिक्चर लगायत सम्पूर्ण विद्युतीय उपकरणहरु ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
स्थान : हिकोला हेरीटेजबाट उत्तर डेनियल होटल निस्किने गल्लीमा

**शिवशक्ति इलेक्ट्रीकल**
प्रो. सुरेश पोखेल
फोन :– ९८१७९४७५६७

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।

बिर्तामोड :
**झापा फल्स सिलिङ्ग हाउस**
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**नव बर्ष २०८३ को शुभकामना**

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नोटः 'एकताको बल समृद्धिको आधार, सहकारी हाम्रो साझा आधार'**

**पवित्रादेवी श्रेष्ठ** व्यवस्थापक | **हीमादेवी बिष्ट** अध्यक्ष

एवम् **लालीगुराँस महिला कृषि सहकारी संस्था लिमिटेड परिवार**
अर्जुनधारा नगरपालिका–८, झापा

**नव बर्ष २०८३ को शुभकामना**

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नोटः 'एकताको बल समृद्धिको आधार, सहकारी हाम्रो साझा आधार'**

**तुलसा कुँवर** व्यवस्थापक | **डिल्लीबहादुर घोर्सानेे** अध्यक्ष

एवम् **प्रज्जवला अपाङ्ग तथा महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड परिवार**
अर्जुनधारा नगरपालिका–८, झापा

**नव बर्ष २०८३ को शुभकामना**

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नोटः 'एकताको बल समृद्धिको आधार, सहकारी हाम्रो साझा आधार'**

**चन्द्रकला राई** : व्यवस्थापक | **माया पौडेल** : अध्यक्ष

एवम्

**ऋद्धी सिद्धी महिला कृषि सहकारी संस्था लिमिटेड परिवार**
अर्जुनधारा नगरपालिका–८, झापा


## आजको राशिफल

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - आज गरेको काममा सफलता हुँदा मन खुशी रहने छ, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - समय फलदायी छ, चिठ्ठा तथा उपहार प्राप्तिको योग छ, आज छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - धेरै समयदेखि अशान्त रहेको मन आजबाट शान्त र खुशी रहने योग छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, स्वास्थ्यमा ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - समयमा होस पुग्नाले व्यवहारमा फाइदा हुनेछ, आफ्नाबाट खुशीको खबर आउन सक्छ, अवसरका बाटो प्रशस्त खुल्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - समय अनुकूल छ, मिष्ठान्न भोजन मिल्नेछ । छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ, मन प्रशन्न रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, आज तपाईको मन प्रशन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - स्वास्थ्य प्रतिकुल बन्नेछ, मन शान्त रहने छ, छोटो दूरीको रमाइलो यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति फाइदा हुने दिन छ, निधक्क रहनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - बोलिको भरमा काम बन्नेछ, बोलिमा विचार पुऱ्याउनुहोला, उपहार प्राप्त हुनेछ, रमाइलो पारिवारिक जमघट हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसिलो भएर जाने योग छ ।

**मिति २०८२/१२/३० सोमबारको सुनचाँदी मूल्य**

| | |
|---|---|
| छापावाला सुन प्रति तोला | रु. २९६,७००/- |
| चाँदी प्रति तोला | रु. ४,९००/- |

## अब विद्युतीय वाइक बिर्तामोडमा

वर्तमान इन्धन अभावलाई मध्यनजर गर्दै बिजुलीबाट घरमा सजिलै चार्ज गर्न सकिने तराई पहाडका बाटोमा प्रयोग गर्न मिल्ने विद्युतीय साइकल, स्कुटर किस्ता सुविधामा पनि उपलब्ध छ। चाडै सम्पर्क गर्नुहोला।

**सम्पर्क**
बिर्तमोड-४, भद्रपुररोड, नेपाल विद्युत प्राधिकरण गेट पूर्व लक्ष्मण मार्केट
**फोन : ९८५२६४२७२७**
**९८०५५८२७२७**

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*



सम्पर्क: **शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे**
**देवराज गिरी**
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## घर ढलान गर्नुछ ?

**तपाईंको सेवामा सधैं**
**चन्द्र सूर्य आर.एम.सी.**
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैंसम्झनुहोस्।
**सेवामा २४सैं घण्टा उपलब्ध छौं।**

**सम्पर्क :**
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३



## आधुनिक कृषि औजार चाहिएमा

**के तपाईलाई आधुनिक कृषि औजार चाहिन्छ।**
*प्रिय कृषक दाजुभाइहरु,*
तपाईहरुलाई धान गोड्ने, मकै तथा आलु गोड्ने, फलामे हलो, कर्न सिड लाइनर, किटको हलो, गोवर व्यारो, कम्बाइन सेट, स्टिक कर्न सिडर लगे चाहिएमा हामीलाई सम्झनु होस्।
यहाँ अफिस, स्कूल, कलेज, बगैंचा सजावटका लागि फूल रोप्ने स्टेण्ड समेत उपलब्ध छ।
नेपालभरि होम डेलिभरीको व्यवस्था छ।

**कनकाई एग्रो इन्जीनियरिङ**



कनकाई-३, सुरुङ्गा, झापा
प्रो. केशर खड्का
फोन: ९८१६०६००४८, ९८४२१०५५९०

## कार्की ट्याक्सी सर्भिस

**दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

छुट्ने समय
**दमकबाट : बिहान ६ बजे**
**बिर्तामोडबाट : बिहान ७ बजे**
**मंगलबारेबाट : दिउसो १२ बजे**

सम्पर्क (चालक)

| सन्तोष | जीवन कार्की |
| --- | --- |
| ९८०६०१८१७४ | ९८१७९४०१७३ |
| ९८४०३८७६७५ | मे १ ज १६७० |

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा



बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. : ९८०३२५०४७२**
**९८०१३६४०९३**

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

**दमक सम्पर्क:**
**देवी सिटौला**
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

**झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।**

---

# नव बर्ष २०८३को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नोट: 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'**

| **विनोदकुमार गौतम** | **इन्द्र गहतराज** | **बद्रीप्रसाद ओली** |
| --- | --- | --- |
| प्रधानाध्यापक | शि.अ.सं. अध्यक्ष | वि.व्य.स. अध्यक्ष |

एवम्
**शनिश्चरे माध्यमिक विद्यालय परिवार**
**अर्जुनधारा नगरपालिका-८, झापा**

---

# नव बर्ष २०८३को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त विद्यार्थी, अभिभावक, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**(नोटः यहाँ कम्प्युटर सम्बन्धी सम्पूर्ण कोर्षहरु, अंग्रेजी, जापानिज र कोरियन भाषाका कक्षा, ट्युसन कक्षा, ब्रीज कोर्स साथै अनलाइन सम्बन्धी सम्पूर्ण सेवाहरु सञ्चालन गरिएको जानकारी गराउँदछौं।)**

**इन्द्रप्रसाद गिरी** : प्रबन्ध निर्देशक
एवम् **फरवार्ड एजुकेशन फाउण्डेशन झापा प्रा. लि. परिवार**
**अर्जुनधारा नगरपालिका-८, झापा**
**सम्पर्क :- ०२३-४६५३१३/९८४२७३४३७३**

---

# नव बर्ष २०८३को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नोट: 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'**

| **कृष्णबहादुर थापा** | **हेमप्रसाद खरेल** |
| --- | --- |
| प्रधानाध्यापक | क्या.स.स. अध्यक्ष |

एवम्
**शनिश्चरे बहुमुखी क्याम्पस परिवार**
**अर्जुनधारा नगरपालिका-७, झापा**

---

# नव बर्ष २०८३को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नोट: 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'**

| **नम्रता गिरी** | **प्रभुकुमार श्रेष्ठ** |
| --- | --- |
| प्रधानाध्यापक | संस्थापक |

एवम्
**रूपरत्न मेमोरियल बोर्डिङ स्कूल परिवार**
**अर्जुनधारा नगरपालिका-७, झापा**

---

# नव बर्ष २०८३को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नोट: 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'**

| **गणेश बुढाथोकी** | **रुद्रप्रसाद सिटौला** | **विक्रम पराजुली** |
| --- | --- | --- |
| प्रधानाध्यापक | संस्थापक | वि.व्य.स. अध्यक्ष |

एवम् **सूर्यज्योति अंग्रेजी आवासीय माध्यमिक विद्यालय परिवार**
**अर्जुनधारा नगरपालिका-४, झापा**

---

# नव बर्ष २०८३को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नोट: 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'**

| **खेमराज ओली 'प्रकाश'** | **जीना ओली** |
| --- | --- |
| प्रधानाध्यापक | संस्थापक |

एवम्
**ब्राइट बिगिनिङ एकाडेमी परिवार**
**अर्जुनधारा नगरपालिका-४, झापा**

---

# नव बर्ष २०८३को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नोटः 'वन जोगाऔं, जीवन बचाऔं हावाहुरीबाट सुरक्षित रहौं।'**

| **युवराज खड्का** | **देवराज बुढाथोकी** |
| --- | --- |
| का. सचिव | अध्यक्ष |

एवम्
**दहीझोडा सामुदायिक वन उपभोक्ता समूह परिवार**
**अर्जुनधारा नगरपालिका-४, झापा**

---

# नव बर्ष २०८३को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नोटः 'वन जोगाऔं, जीवन बचाऔं हावाहुरीबाट सुरक्षित रहौं।'**

| **उर्मिला अधिकारी कटुवाल** | **मोहन श्रेष्ठ** |
| --- | --- |
| सचिव | अध्यक्ष |

एवम्
**जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह परिवार**
**अर्जुनधारा नगरपालिका-३, झापा**

---

# नव बर्ष २०८३को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नोटः 'वन जोगाऔं, जीवन बचाऔं हावाहुरीबाट सुरक्षित रहौं।'**

| **जानुका चापागाँई** | **मंगलसिंह लिम्बू** |
| --- | --- |
| सचिव | अध्यक्ष |

एवम्
**सुखानी सामुदायिक वन उपभोक्ता समूह परिवार**
**अर्जुनधारा नपा-३ र माई नपा-४, झापा/इलाम**

---

# नव बर्ष २०८३को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नोटः 'वन जोगाऔं, जीवन बचाऔं हावाहुरीबाट सुरक्षित रहौं।'**

| **नरेन्द्र गौतम** | **खगेन्द्र कोइराला** |
| --- | --- |
| सचिव | अध्यक्ष |

एवम्
**शान्ति सामुदायिक वन उपभोक्ता समूह परिवार**
**अर्जुनधारा नगरपालिका-२, झापा**

---

# नव बर्ष २०८३को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नोटः 'वन जोगाऔं, जीवन बचाऔं हावाहुरीबाट सुरक्षित रहौं।'**

| **शान्ता सिग्देल** | **चक्र तामाङ** |
| --- | --- |
| सचिव | अध्यक्ष |

एवम्
**हलुवागढ सामुदायिक वन उपभोक्ता समूह परिवार**
**अर्जुनधारा नगरपालिका-१, झापा**

---

# नव बर्ष २०८३को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नोटः 'वन जोगाऔं, जीवन बचाऔं हावाहुरीबाट सुरक्षित रहौं।'**

| **बिमलादेवी मगर** | **अम्बरबहादुर राई** |
| --- | --- |
| सचिव | अध्यक्ष |

एवम्
**हजुमासा सामुदायिक वन उपभोक्ता समूह परिवार**
**अर्जुनधारा नगरपालिका-१, झापा**